*"Access to All"*

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

**नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था**

**प्रधान कार्यालय**
कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं.-९, महेन्द्रपुल
फोन नम्बर: ०६१-५३३६९४/९५, ०६१-५३१७७५/७६, फ्याक्स नम्बर : ०६१-५३३६९६

**को**

## विशेष साधारण सभा सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७३/०३/१५)

मिति २०७३ साल असार१४गते बसेको संचालक समितिको १७४ औं बैठकको निर्णय बमोजिम यस गरिमा बैंक लिमिटेडको विशेष साधारण सभा देहाएको मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बोलाइएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय** :–

| | |
|---|---|
| सभा हुने मिति | : २०७३ साल असार ३० गते बिहीबार (तद्अनुसार १४ जुलाई २०१६) |
| स्थान | : होटल पोखरा ग्राण्ड, विरौटा, पोखरा । |
| समय | : बिहान ११ :०० बजे |

**छलफलका विषयहरु :-**

**विशेष प्रस्तावहरु :**

(१) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी प्रस्ताव तथा सो सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूमार्फत प्रस्तुत प्रतिवेदन पारित गर्ने ।

(२) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिएपश्चात बन्ने विकास बैंकको नाम नेपालीमा **"गरिमा विकास बैंक लिमिटेड"**र अंग्रेजीमा "Garima Bikas Bank Limited" कायम गरी सो नामबाट वित्तीय कारोबार गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गर्न संयुक्त मर्जर समितिबाट लेखापरीक्षक (DDA) मुल्याकंनकर्ता) नियुक्त तथा निजको पारीश्रमिक निर्धारण गरेकोमा संचालक समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

(४) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि सम्पत्ति तथा दायित्वको मूल्याकंनकर्ता लेखापरीक्षकबाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) प्रतिबेदन तथा सो समेतको आधारमा संयुक्त मर्जर समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) अनुमोदन गर्ने । (शेयर आदान प्रदान अनुपात (Share Swap Ratio)एक बराबर एक (१:१) निर्धारण गरिएको छ ।)

(५) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबीच एक आपसमा गाभ्ने गाभिने प्रयोजनका लागि सम्पन्न सम्झौतापत्र (Agreement), सहमतिपत्र (Memorendum of Understanding, MOU), संयुक्त मर्जर समिति गठन एवं संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

(६) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस विकास बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने तथा गाभिएपछि बन्ने संस्थाको सञ्चालक समितिमा शुभेच्छा विकास बैंक लिमिटेडबाट चयन भई आउनुहुने सञ्चालकलाई पदस्थापना एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

(७) गरिमा विकास बैंक लिमिटेडको साविक सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी रहेको भएतापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साविक दुवै विकास बैंकबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात बिद्यमान सञ्चालकहरुको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने संस्थाको प्रथम वार्षिक/विशेष साधारणसभा नभएसम्म मात्र कायम रहने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(८) विकास बैंकको जारी पूँजी तथा चुक्ता पूँजी रु. १,०८,०५,११,५०८।- (अक्षरेपी एक अर्व आठ करोड पाँच लाख एघार हजार पाँच सय आठ मात्र) कायम गरी सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(९) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिएपछि गाभ्ने संस्था गरिमा विकास बैंक लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यकतानुसार जारी पूँजी र चुक्ता पूँजी तथा स्वामित्व संरचना लगायतका विषयहरुमा परिवर्तन हुने भएकोले संलग्न अनुसूची बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(१०) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने सिलसिलामा कुनै कार्य गर्न वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियामक निकायबाट मर्जरको अन्तिम स्वीकृति प्राप्त गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त

भई सो अनुसार निर्णय गर्नुपर्ने भएमा वा मर्जर प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

(११) विकास बैंकको केन्द्रीय कार्यालय कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ९, महेन्द्रपुलबाट काठमाण्डौ महानगरपालिका वडा नं. २, मा स्थानान्तरण गर्ने तथा सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

(१२) विकास बैंकको नियमावलीमा अध्यक्ष, सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा आवश्यक संशोधन गर्ने ।

(१३) गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एकआपसमा गाभिएर बन्ने विकास बैंक, गरिमा विकास बैंक लिमिटेड र अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा गरिमा विकास बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्था संग मर्जर तथा एक्विजिसन सम्बन्धि सहमतिपत्र (Memorendum of Understanding) तयारी गरी हस्ताक्षर गर्ने, सम्पुर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याँकन (Due Diligence Audit) गर्ने मूल्याँकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने र निजबाट बैंकको सम्पुर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याँकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसंग सहमति लिने, गाभ्ने गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धि कार्यको लागि प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धि सम्पूर्ण कार्य गर्न गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एकआपसमा गाभिएर बन्ने विकास बैंक, गरिमा विकास बैंक लिमिटेडको एकिकृत कारोबार गर्दाको दिन गठन हुने संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

(१४) प्रवन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक एवं कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत/संशोधन अभिलेख गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न तथा सच्याउन परेमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

(१५) विविध :

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. यस गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि यस बैंकको शेयर कारोवार मिति २०७३।०१।९ गते देखि बन्द रहेको छ । मिति २०७३।०१।८ गते सम्म नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड, मा कारोबार भई मिति २०७३।०३।२२ गते सम्म विकास बैंकको शेयर रजिष्ट्रार एस क्यापिटल लिमिटेड, काठमाण्डौंमा प्राप्त शेयरहरु मात्र विशेष साधारण सभा प्रयोजनका लागि नामसारी गरिने छ ।

२. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनीको लगतमा कायम रहेको सम्बन्धित ठेगानामा विशेष साधारण सभा बोलाउनुको औचित्यसहितको प्रतिवेदन पुस्तिका पठाइनेछ । वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने कुनै प्रमाण पत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई बैंकले जारी गरिएको प्रवेशपत्र वा शेयरप्रमाणपत्र वा बैंकको शेयर अभौतिकिकरण गरेको विवरण देखिने BOID Statement प्रस्तुत गरी सभाकक्ष भित्र प्रवेश गर्नुहुन अनुरोध छ ।

३. प्रोक्सी ल्याउने व्यक्ति यस बैंकको शेयरधनीहरु मध्येबाट हुनु पर्नेछ, अन्यथा प्रोक्सी मान्य हुने छैन । प्रोक्सी (प्रतिनिधि पत्र) सभा हुनु भन्दा ४८ घण्टा अगावै यस विकास बैंकको प्रधान कार्यालयमा दाखिल भईसकेको हुनु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी) फाराम विकास बैंकको प्रधान कार्यालय एवं शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । साथै विकास बैंकको वैभ साइट www.garimabank.com.np बाट समेत डाउनलोड गर्न सकिने व्यवस्था मिलाइएको छ ।

४. नावालक शेयरवालाको तर्फवाट नावालकको संरक्षक भएकोले सभामा भाग लिन, मतदान गर्न वा शेयरवालाहरु मध्येबाटै अन्य व्यक्तिलाई प्रतिनिधि तोक्न पाउने छ, तर आफु संरक्षक भएको शेयरवालाको बाहेक अरुको प्रोक्सी ल्याउन पाइने छैन ।

५. संयुक्त शेयरवालाहरु मध्ये लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतिवाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिलाई मात्र सभा हलमा भाग लिने र मतदान गर्ने अधिकार हुने छ ।

६. बैंकको विशेष साधारण सभाको पुस्तिका शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगाानामा पठाइने छ । कारणवश पुस्तिका प्राप्त हुन नसकेमा बैंकको प्रधान कार्यालय, पोखरा उपमहानगपालिका वडा नं. ९, महेन्द्रपुल, कास्कीमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ । साथै उक्त पुस्तिका विकास बैंकको वैभसाइट www.garimabank.com.np मा समेत राखिनेछ ।

७. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ ।

८. शेयरधनी महानुभावहरुको सुविधाको लागि सभाहलमा हाजिरि पुस्तिका सभा हुने दिन दिनको १०:३० बजे देखि नै खुल्ला राखिनेछ । शेयरधनी महानुभावहरुले उक्त पुस्तिकामा हस्ताक्षर गरी आफ्नो उपस्थिति जनाउनुपर्नेछ ।

८. अन्य थप जानकारीको लागि बैंकको प्रधान कार्यालय, पोखरा उपमहानगपालिका वडा नं. ९, महेन्द्रपुल, कास्कीमा वा बैंकको आधिकारिक वेभ साइट www.garimabank.com.np हेर्नु हुन अनुरोध छ ।

# प्रोक्सी फाराम

श्री संचालक समिति
गरिमा विकास बैंक लिमिटेड,
पोखरा-९, महेन्द्रपुल, कास्की ।

**विषय : प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।**

महाशय,

.................जिल्ला,..............म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.वि.स.,वडानं.....बस्ने म / हामी.....................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्बत् २०७३ साल असार ३० गते बिहीबारका दिन हुने विशेष साधारण सभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुननसक्ने भएकाले उक्त सभामा मेरो / हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागी..........................................जिल्ला,................न.पा. / गा.वि.स., वडानं.......बस्नेश्री ......... ....................... लाई मेरो / हाम्रो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएको छु / छौं ।

| **प्रोक्सी पाउनेको निवेदक** | **प्रोक्सी दिनेको निवेदक** |
|---|---|
| दस्तखत :........................ | दस्तखत :........................ |
| नाम :............................. | नाम :............................. |
| ठेगाना :........................... | ठेगाना :......................... |
| शेयरधनी नं...................... | शेयरधनी नं..................... |
| शेयर संख्या :.................... | शेयर संख्या :.................... |
| मिति : ................................... | मिति : .................................... |

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय महेन्द्रपुल, पोखरामा पेश गरिसक्नु पर्नेछ ।)

.....................................................................................................................................

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

**नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था**

प्रधान कार्यालय : पोखरा-९, महेन्द्रपुल, कास्की

**विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र**

शेयरधनीको नाम :........................................
ठेगाना :........................................
शेयरधनी नम्बर :........................................
शेयर संख्या:........................................
शेयरधनीको दस्तखत :........................................

**द्रस्टब्य:**

(१) यो प्रवेश पत्रको खाली स्थानमा शेयरधनी स्यवंले भर्नहुन अनुरोध छ ।
(२) विशेष साधारण सभामा यो प्रवेश पत्र लिएर आउनुहुन तथा साधारण सभा अवधिभर साथमै राख्नुहुन अनुरोध छ ।

# संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु,**

गरिमा विकास बैंक लिमिटेडको विशेषसाधारण सभामा भाग लिन आउनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु, पर्यवेक्षक तथा अतिथिज्यूहरुलाई संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । यस विशेष साधारण सभाका लागि बैंकले सम्पुर्ण शेयरधनी महानुभावहरुमा जानकारी संप्रेषण गरिसकेकोले शेयरधनी महानुभावहरुबाट विषयवस्तुको बारेमा अवगत भइसकेको छ भन्ने विश्वास लिएको छु । तसर्थ यस सम्मानित सभामा संचालक समितिको तर्फबाट विशेष साधारण सभा बोलाउनुको औचित्य एवं आवश्यकतालाई औपचारिक रुपमा प्रस्तुत गर्न चाहन्छु । साथै सम्पुर्ण शेयरधनी महानुभावहरुबाट यस सभा समक्ष प्रस्तुत प्रस्तावहरु सर्वसम्मतिबाट पारित गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०४/२२ गते संस्थापना भई मिति २०६४/०४/२९ गते नेपाल राष्ट्र बैंकबाट १-३ जिल्लास्तर (स्याङजा, कास्की र पाल्पा) को कार्यक्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने इजाजतपत्र प्राप्त गरेको यस विकास बैंकले मिति २०६८/१२/२० मा नेपाल राष्ट्र बैंकबाट ४-१० जिल्लास्तर (स्याङजा, कास्की ,पाल्पा, रुपन्देही, नवलपरासी, तनहुँ, पर्वत, बाग्लुङ, कपिलवस्तु र दाङ) कार्यक्षेत्र कायम हुने गरी कार्यक्षेत्र विस्तारको अनुमति प्राप्त गर्नुका साथै म्याग्दी जिल्लामा केन्द्रीय कार्यालय रहेको १-३ जिल्लास्तर (म्याग्दी, पर्वत र कास्की) कार्यक्षेत्र रहेको निलगिरि विकास बैंक लिमिटेडलाई गाभी एक वर्ष पहिले मिति २०७२ असार २९ गतेदेखि राष्ट्रियस्तरको विकास बैंकको रुपमा स्तरोन्नती भएको ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुमा स्मरण गराउन चाहन्छु । नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको विकास बैंकको रुपमा वित्तीय सेवा प्रवाह गर्ने इजाजतपत्र प्राप्त हुँदाको बखत राष्ट्रियस्तरका विकास बैंकका लागि नेपाल राष्ट्र बैंकबाट तोकिएको चुक्ता पूँजी जम्मा ६४ करोड रुपैयाँ थियो भने सो समयमा गरिमा विकास बैंक लिमिटेडको चुक्ता पूँजी ७१ करोड १० लाख रुपैयाँ थियो । गरिमा विकास बैंक लिमिटेडले तोकिएको चुक्ता पूँजी तथा अन्य शर्तहरु पुरा गरी राष्ट्रियस्तरको विकास बैंकको रुपमा स्तरोन्नतीको स्वीकृति प्राप्त गरेको दुई हप्ता पनि पूरा हुन नपाउँदै नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०७२/७३ का लागि जारी मौद्रिक नीति तथा मिति २०७२/०४/२१ मा जारी परिपत्र मार्फत राष्ट्रियस्तरका विकास बैंकहरुले २०७४ असार मसान्त भित्र न्यूनतम चुक्ता पूँजी २ अर्व ५० करोड रुपैयाँ पुऱ्याउनुपर्ने बाध्यात्मक ब्यवस्थाका बारेमा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अवगत नै छ । यस विषयमा प्रशस्त बहस, छलफल तथा अन्तरक्रियाहरु समेत भइसकेका छन् । विकास बैंकको मिति २०७२ पौष ३० गते सम्पन्न नवौं वार्षिक साधारण सभामा समेत यस सन्दर्भमा छलफल भएको ब्यहोरा समेत स्मरण गर्न चाहन्छु ।

गरिमा विकास बैंक लिमिटेडले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम मिति २०७४ असार मसान्त सम्ममा चुक्ता पूँजी करिव २ अर्व ६७ करोड रुपैयाँ पुऱ्याउने पूँजी योजना तथा सो चुक्ता पूँजीका

लागि स्थिर लाभांश प्रदान गर्नका लागि आवश्यक व्यवसायिक विस्तारको समेत योजना तोकिएको समयावधिभित्र नै नेपाल राष्ट्र बैंक समक्ष पेश गरिसकेको व्यहोरा जानकारी गराउन चाहन्छु। नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएको उक्त पूँजी योजना बमोजिम विकास बैंकले चालु आर्थिक वर्ष २०७२/७३ भित्रमा मर्जर र (वा) एक्विजिसनको माध्ययमबाट ५० करोड रुपैयाँ बराबरको चुक्ता पूँजी वृद्धि गर्नुपर्ने थियो। विकास बैंकको मिति २०७२ पौष ३० गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट मर्जर र (वा) एक्विजिसन सम्बन्धि प्रक्रिया अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गरेपश्चात संचालक समितिबाट मर्जर समिति गठन गरी सम्भाव्य बैंक तथा वित्तीय संस्थाहरुको खोजी गर्ने सिलसिलामा धेरै विकास बैंक तथा वित्त कम्पनीहरुसंग सम्पर्क तथा अन्तरक्रिया समेत सम्पन्न भयो तर मर्जर तथा एक्विजिसन वास्तवमा अत्यन्त सम्बेदनशील र चुनौतिपुर्ण विषय हुँदोरहेछ, पूँजी योजनामा उल्लेखित लक्ष अनुसार ५० करोड बराबरको चुक्ता पूँजी चालु आर्थिक वर्षभित्र मर्जर तथा एक्विजिसनको माध्यमबाट वृद्धि हुन सकेन। यद्धपि मर्जर तथा एक्विजिसनको सन्दर्भमा छलफल तथा अन्तरक्रियामा रहेका विकास बैंक तथा वित्त कम्पनीहरुसंग अत्यन्त सौहार्द्र तथा परिणाममुखी छलफलहरु अगाडि बढिरेको अवस्था विद्यमान छ। हामीलाई थाहा छ, यो प्रक्रिया जतिसुकै चुनौतिपुर्ण भएतापनि संस्थागत हित तथा संस्थाको वृहत्तर वृद्धि र विकासको लागि अपरिहार्य समेत बनिरहेको छ। हकप्रद शेयर जारी गरेर चुक्ता पूँजी वृद्धि गर्नु मर्जर र एक्विजिसनको माध्यमबाट भन्दा धेरै सहज बाटो हुन सक्तछ तर हकप्रद शेयर जारी गरेर चुक्ता पूँजी वृद्धि गर्दा उक्त लगानीमा उचित प्रतिफल दिन सक्ने क्षमता विकास बैंकसंग नरहन सक्तछ।

विकास बैंकको मिति २०७२ पौष ३० गते सम्पन्न नवौं वार्षिक साधारण सभामार्फत आदरणीय शेयरधनी महानुभावहरुबाट प्रस्तुत सुझाव तथा आशयको उच्च सम्मान गर्दै गरिमा विकास बैंक लिमिटेडको गरिमालाई अभिवृद्धि गर्न आगामी दिनमा थप योगदान गर्न सक्ने र दुवै संस्थाहरु संगै अगाडि बढ्दा दुवै विकास बैंकहरुका शेयरधनी महानुभावहरु, कर्मचारीहरु, सेवाग्राहीहरु तथा वित्तीय क्षेत्रसंग सरोकार राख्ने सम्पुर्ण पक्षहरुलाई भविश्यमा अझ प्रभावकारी परिणामहरु प्रस्तुत गर्न सकिन्छ भन्ने महशुस गरी गरिमा विकास बैंक लिमिटेडमा, चितवन जिल्ला भरतपुर उपमहानगरपालिका वडा नं. ३, नारायणगढमा केन्द्रीय कार्यालय रहेको शुभेच्छा विकास बैंक लिमिटेडलाई गाभ्ने प्रक्रिया अगाडि बढाइएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

शुभेच्छा विकास बैंक लिमिटेड, नेपाल राष्ट्र बैंकबाट १-३ जिल्लास्तर (चितवन, मकवानपुर र नवलपरासी) को कार्यक्षेत्रमा "ख" वर्गको बैंकिग कारोबार गर्न मिति २०६१/०५/२ मा इजाजतपत्र प्राप्त विकास बैंक हो। हाल शुभेच्छा विकास बैंक लिमिटेडले स्वीकृत कार्यक्षेत्र भित्र चितवन जिल्लामा केन्द्रीय कार्यालयसहित पाँच वटा शाखा कार्यालयहरु र एक वटा एक्स्टेन्सन काउन्टर, मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडामा एक र नवलपरासी जिल्लामा २ वटा शाखा कार्यालयहरु सहित जम्मा ९ वटा कार्यालयहरुबाट वित्तीय सेवा प्रवाह गर्दै आइरहेको छ। गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने प्रक्रिया अन्तर्गत मिति २०७२

चैत्र २७ गते गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडका संचालक समितिबाट संयुक्त मर्जर समितिमा प्रतिनिधित्व गर्न तोकिएका पदाधिकारीहरु सहित संयुक्त मर्जर समिति गठन गरिएको थियो । तत्पश्चात विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया भई मिति २०७३ वैशाख ८ गते गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबिच एकापसमा गाभ्ने/गाभिने सम्बन्धि सहमतिपत्र (Memorendum of Understanding) मा हस्ताक्षर सम्पन्न भयो । नेपाल राष्ट्र बैंकबाट मिति २०७३ असार १३ गते गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एकआपसमा गाभ्ने/गाभिने सम्बन्धि सैद्धान्तिक सहमति प्राप्त भयो । नेपाल राष्ट्र बैंकबाट उक्त सैद्धान्तिक सहमति प्राप्त भएपछि हामीले शुभेच्छा विकास बैंक लिमिटेडसंग गाभ्ने/गाभिने सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न गरिसकेका छौ ।

गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिनुको प्रमुख लक्ष्य गाभिएर बन्ने संस्था राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकको रुपमा सबल र सक्षम हुनु हो । यि दुई संस्थाहरु एकापसमा गाभिंदा बैंकका शेयरधनी, सेवाग्राही, कर्मचारी लगायतका सरोकारवालाहरुमा सन्तुष्टिको गुणात्मक अभिवृद्धि हुन गई संस्थाको ब्यवसायिक आकारका अतिरिक्त संस्थाप्रतिको विश्वास र आस्था समेत वृद्धि हुन जाने विश्वास लिइएको छ, जसका कारण समाजमा बैंकिङ क्षेत्रप्रतिको जनविश्वास अझ दरिलो बन्दै जानेछ। गाभिएर सबल र सक्षम हुने अपेक्षा गरिएको विकास बैंकले स्वभाविक रुपमा संस्थागत सुशासनलाई थप प्रत्याभुत गराउँदै अझ गुणास्तरीय सेवा प्रवाह गरी सन्तुष्ट सेवाग्राहीहरुको मन जितेर निक्षेपकर्ता तथा लगानीकर्ताहरुको निक्षेप तथा लगानीलाई थप सुरक्षित र लाभदायक बनाउन सक्ने विश्वास लिइएको छ । गरिमा विकास बैंक लिमिटेडमा शुभेच्छा विकास बैंक लिमिटेड गाभिएपछि, गाभिएर बन्ने संस्थाको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि भई संस्थाको समग्र विकास र विस्तार हुने कुरामा पुर्ण विश्वस्त हुनुका साथै दुवै संस्था एक आपसमा गाभिंदा, गाभिएर बन्ने विकास बैंकको चुक्ता पूँजी वृद्धि भई नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप मिति २०७४ असार मसान्तमा राष्ट्रियस्तरको विकास बैंकले पुऱ्याउनुपर्ने न्युनतम चुक्ता पूँजी पुऱ्याउन सहज अवस्था सिर्जना हुनुका साथै दुवै संस्थाका शाखा कार्यालयहरु तथा उक्त कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको मिलान गर्न सहज हुने देखिन्छ । दुवै विकास बैंकहरुको पछिल्लो वार्षिक साधारण सभा मार्फत गाभ्ने/गाभिने सम्बन्धि आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गरिएको र दुवै विकास बैंकले नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको पूँजी योजनामा समेत उपयुक्त बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने प्रक्रियामार्फत चुक्ता पूँजी वृद्धि गरिनेछ भन्ने उल्लेख गरेको परिप्रेक्ष्यमा दुवै संस्थाहरु एक आपसमा गाभिएर वित्तीय सेवा प्रवाह गर्नु मुलुकको वर्तमान बैकिङ परिदृश्यमा औचित्यपूर्ण हुन्छ भन्ने महशुस गरिएको छ ।

यसैबिच गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबिच सम्पन्न सम्झौता बमोजिम गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबिच एकआपसमा गाभ्ने/गाभिने कार्य सम्पन्न भई राष्ट्रियस्तरको सशक्त विकास बैंकको रुपमा स्थापित हुँदा, गाभिएर बन्ने विकास बैंकको नाम नेपालीमा "गरिमा विकास बैंक लिमिटेड" र अंग्रेजीमा "Garima Bikas Bank Limited"

राख्न, विकास बैंकको लोगो तथा स्लोगान समेत हाल गरिमा विकास बैंक लिमिटेडले प्रयोग गरिरहेको लोगो तथा स्लोगानलाई यथावत प्रयोग गर्न र गाभ्ने/गाभिने कार्य सकिएपछि गाभिएर बन्ने विकास बैंकको पहिलो साधारण सभाबाट सञ्चालक समिति गठन नभएसम्मका लागि गाभिएर बन्ने विकास बैंकको सञ्चालक समितिमा गरिमा विकास बैंक लिमिटेडको सञ्चालक समितिबाट संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुमध्येबाट ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुमध्येबाट ३ जना समेत जम्मा ६ जना तथा शुभेच्छा विकास बैंक लिमिटेडको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरु मध्येबाट १ जना रहने सहमति भएको छ । गाभ्ने/गाभिने सम्बन्धि कार्यलाई उदाहरणीय एवं नमूनाको रुपमा प्रस्तुत गर्ने अभिप्रायले आवश्यक विविध विषयहरुमा सहमति तथा सम्झौतापत्रहरुमा समावेश गर्ने प्रयत्न गरेका छौं । एकआपसमा गाभ्ने/गाभिने कार्य वित्तीय तथा प्राविधिक समायोजन मात्र नभई फरक फरक भौगोलिक एवं सामाजिक धरातलमा संस्थापित एवं विकसित संस्थाहरुको भावनात्मक एकिकरण समेत हो । अतः यस सम्वेदनशील एवं ऐतिहासिक क्षणमा दुवै विकास बैंकका संस्थापक तथा सर्वसाधारण शेयरधनी, संचालक, कर्मचारी, सेवाग्राही तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दै एउटै भावना, एउटै लक्ष र एउटै धारणा बनाउँदै यस विकास बैंकलाई भविश्यमा “क” वर्गको वाणिज्य बैंक बनाउने अभियानमा सहभागी हुन आग्रह गर्न चाहन्छु । विगतका वार्षिक तथा विशेष साधारण सभाहरुमा समेत हामीले पटक पटक यस विकास बैंकलाई वाणिज्य बैंक बनाउने प्रतिवद्धता व्यक्त गर्दै आइरहेका छौं । यस अवधिमा देशको आर्थिक सामाजिक परिदृश्य, कानूनी व्यवस्थाहरु तथा व्यवसायिक वातावरणमा ठूला ठूला परिवर्तनहरु भइसकेका र हुने क्रममा छन् तर यस विकास बैंकलाई हामीले पुऱ्याउन चाहेको लक्ष्य र सो लक्ष्य हासिल गर्ने हाम्रो इच्छाशक्तिमा कुनै परिवर्तन आएको छैन । त्यसैले पुनः गरिमा विकास बैंक लिमिटेडलाई गरिमा बैंक बनाउने अभियानलाई अटुट साथ दिन सम्पुर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानूभावहरु, कर्मचारीहरु, सेवाग्राहीहरु तथा शुभचिन्तकहरुमा हार्दिक आव्हान गर्दछु ।

**गाभ्ने, गाभिने तथा गाभिएर बन्ने विकास बैंकको वित्तीय अवस्था :**

२०७२ चैत्र मसान्तको आधारमा तयार डीडीए प्रतिवेदन बमोजिम गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडतथादुवै विकास बैंक गाभिएर बन्ने विकास बैंकको वित्तीय झलक देहाय बमोजिम रहेको छ : *रु. हजारमा*

| प्रमुख वित्तीय परिसूचक | गरिमा विकास बैंक लिमिटेड | शुभेच्छा विकास बैंक लिमिटेड | गाभिए पछिको संस्था |
|---|---|---|---|
| चुक्ता पूँजी | ८५३,२००।०० | २२७,३११।५१ | १,०८०,५११।५१ |
| (क) संस्थापक | ४४८,५९६।०० | ११५,९२८।४२ | ५६४,५२४।४२ |
| (ख) सर्वसाधारण | ४०४,६०४।०० | १११,३८३।०९ | ५१५,९८७।०९ |
| प्राथमिक पूँजी (रकममा) | १,१०१,९९३।९७ | २४८,८९१।६९ | १,३५०,८८५।६५ |

| | | | |
|---|---|---|---|
| पूँजीकोष (रकममा) | १,१७८,०४६।४७ | २६७,८६७।३३ | १,४४५,९१३।७९ |
| प्राथमिक पूँजी (प्रतिशतमा) | १३।११ | ११।८७ | १२।८६ |
| पूँजीकोष (प्रतिशतमा) | १४।०२ | १२।७७ | १३।७७ |
| जोखिम भारित सम्पत्ति | ८,४०४,४४०।७४ | २,०९६,९५१।०१ | १०,५०१,३९१।७६ |
| नेटवर्थ (जम्मा रकममा) | १,१०९,१४१।६३ | २८९,०४८।४३ | १,३९८,१९०।०६ |
| नेटवर्थ प्रति शेयर | १३०।०० | १२७।१६ | १२९।४० |
| कुल कर्जा | ७,१६८,२७८।०० | १,६१४,३१८।०० | ८,७८२,५९६।०० |
| कुल निक्षेप | ७,८४४,९५३।०० | २,०८५,१९४।१९ | ९,९३०,१४७।१९ |
| (क) संस्थागत | १,९७६,४२१।०० | ३९८,७२१।०० | २,३७५,१४२।०० |
| (ख) सर्वसाधारण | ५,८६८,५३२।०० | १,६८६,४७३।०० | ७,५५५,००५।०० |
| निष्कृय कर्जा (रकममा) | ६९,२०७।७८ | २३,४७६।७० | ९२,६८४।४८ |
| निष्कृय कर्जा अनुपात | ०।९७ | १।४५ | १।०६ |
| **तलरता विवरण** | | | |
| कर्जा निक्षेप अनुपात (प्रतिशतमा) | ९१।३७ | ७७।४२ | ८८।४४ |
| तरलता अनुपात (सीसीडी रेसियो) (ने.रा.बैंक बमोजिम) | ८०।०० | ६९।१६ | ७७।८५ |
| शेयर आदान प्रदान अनुपात | १:०।९७८२ | | |
| बजार मुल्य (अन्तिम मुल्य)[१] | ३५५ | ३४९ | - |
| व्यवसायको बजार अंश | | | |
| कर्जाको आधारमा | ३।२७% | ०।७५% | ४।०२% |
| निक्षेपको आधारमा | २।९७% | ०।८४% | ३।८१% |
| पूँजी कोषको आधारमा | ३।३३% | ०।६९% | ४।२८% |
| खुद नाफा आ.व. २०७२/७३ | १२८,४९४।०० | ९,७९२।०० | १२८६२६ |
| कार्यक्षेत्र तथा शाखा संजाल | | | |
| (क) कार्यक्षेत्र | राष्ट्रियस्तर | १-३ जिल्लास्तर | राष्ट्रिस्तर |
| (ख) शाखा सञ्जाल (केन्दीय कार्यालय समेत) (एक्स्टेन्सन काउन्टर समावेश गरिएको छैन ।) | २९ | ८ | ३७ |

(Footnotes)

१) डीडीए प्रतिवेदन बमोजिम २०७२ फागून मसान्तको आधारमा उल्लेख गरिएको ।

**शेयर आदान प्रदान अनुपात (SWAP Ratio) :**

डीडीए प्रतिवेदन बमोजिम गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडको नेटवर्थ क्रमशः रु.१३०।०० र रु.१२७।१६ रहेको भएतापनि दुई विकास बैंक एक आपसमा गाभ्ने/गाभिने कार्य पुरा गरी राष्ट्रियस्तरको विकास बैंकको रुपमा सवल र सक्षम हुने भएकोले एक आपसमा गाभ्ने/गाभिने कार्यले संस्थाको समग्र वृद्धि र विकासमा सकारात्मक योगदान पुर्‍याउने हुँदागाभ्ने/गाभिने प्रयोजनका लागि गाभ्ने तथा गाभिने विकास बैंकहरुको शेयर आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक शेयर) कायम गरी गाभ्ने संस्था गरिमा विकास बैंक लिमिटेड र गाभिने संस्था शुभेच्छा विकास बैंक लिमिटेडका साविक शेयरधनीहरुलाई साविक विकास बैंकमा निज शेयरधनीहरुको नाउँमा जुन जुन समूहको जे जति कित्ता शेयर रहेको छ, गाभिएर बन्ने विकास बैंकको रु. १००।०० अंकित दरका सोही समूहका सोही कित्ता बराबर शेयर प्रदान गर्ने सम्बन्धमा संयुक्त मर्जर समितिबाट भएको निर्णय दुवै विकास बैंकका सञ्चालक समितिबाट अनुमोदन समेत भइसकेको छ भने यस सम्मानित सभा समक्ष शेयर आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक शेयर) कायम गर्ने प्रस्ताव गरेको ब्यहोरा अनुरोध गर्दछु। त्यस्तै गरी प्रचलित कानूनी ब्यवस्थाहरुको प्रतिकूल नहुने गरी दुवै विकास बैंकहरुको २०७३ साल आषाढ मसान्तको आधारमा लेखापरीक्षकद्धारा प्रमाणित वित्तीय विवरणहरुलाई एकिकृत गरी सोही आधारमा दुवै विकास बैंकहरुको मुनाफालाई एउटै मानी दुवै विकास बैंकहरुका शेयरधनीहरुलाई एउटै विकास बैंकको शेयरधनीको रुपमा लाभांश प्रदान गर्ने गरी गाभ्ने/गाभिने कार्य सम्पन्न भएपश्चात मात्र विकास बैंकको आगामी वार्षिक साधारण सभा बोलाउने गरी गाभ्ने/गाभिने सम्झौता भएको ब्यहोरा समेत यस सभा समक्ष जानकारी गराउन चाहन्छु । साथै शेयर आदान प्रदान आदान प्रदान अनुपात (SWAP Ratio) १:१ (एक बराबर एक) कायम गर्नुका साथै २०७३ असार मसान्त भित्रसम्पन्न गर्ने लक्ष्यसहित प्रक्रिया शुरु गरिएको गाभ्ने/गाभिने कार्य २०७३ असार मसान्तभित्र सम्पन्न हुन नसकेको अवस्थामा समेत सो प्रक्रिया २०७३ असार मसान्तभित्रै पूरा भएको मानी लाभांश वितरण गर्न प्रस्ताव गरिएको ब्यहोरा समेत यस सभा समक्ष जानकारी गराउन चाहन्छु।

अन्त्यमा, गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेडबिच एक आपसमा गाभिंदा विकास बैंकका शेयरधनी, सेवाग्राही, कर्मचारी लगायतका सरोकारवालाहरुमा सन्तुष्टिको गुणात्मक अभिवृद्धि हुन गई संस्थाको ब्यवसायिक आकारका अतिरिक्त संस्थाप्रतिको विश्वास र आस्था समेत वृद्धि हुन जाने विश्वास लिइएको छ, जसका कारण समाजमा बैंकिङ क्षेत्रप्रतिको जनविश्वास अझ दरिलो बन्दै जानेछ । गाभिएर बन्ने विकास बैंकले स्वभाविक रुपमा संस्थागत सुशासनलाई थप प्रत्याभुत गराउँदै अझ गुणस्तरीय सेवा प्रवाह गरी सेवाग्राहीहरुको मन जितेर निक्षेप तथा लगानीलाई वृद्धि गर्दै थप सुरक्षित र लाभदायक बनाउन सक्ने विश्वास लिइएको छ। दुवै विकास बैंकहरु एक आपसमा गाभिएपश्चात गरिमा विकास बैंक लिमिटेड अझ शसक्त, सक्षम र सबलविकास बैंकको रुपमा स्थापित हुने भएकोले विकास बैंकको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि भई संस्थाको समग्र विकास र विस्तार हुने कूरामा पुर्ण विश्वस्त भएका छौं ।साथै विकास बैंकको केन्द्रीय कार्यालय राजधानी काठमाण्डौमा स्थानान्तरण गर्न र अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको कार्यकाल सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशनानुसार नियमावली संशोधन गर्न आवश्यक देखिएकोले

सोही बमोजिम प्रस्तावहरु पेश गरिएको छ । अतः यस सम्मानित सभासमक्ष प्रस्तुत गाभ्ने/गाभिने लगायतका अन्य सम्पुर्ण प्रस्तावहरु पारित/अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

**कृतज्ञता ज्ञापन**

गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एकआपसमा गाभिन लागेको यस ऐतिहासिक क्षणमा हामीलाई विश्वास गर्ने सम्पुर्ण निक्षेपकर्ता, सेवाग्राही, सुभेच्छुक, सहयोगी, संस्थापक तथा सर्वसाधरण शेयर धनी महानुभावहरु तथा बैंकको व्यवस्थापनमा लगनशील भई योगदान पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल सरकारका विभिन्न निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायतका सम्पुर्ण निकायहरुलाई समय समयमा विभिन्न रचनात्मक सुझाव प्रदान गरी सहयोग पुऱ्याउनु भएकोमा आगामी दिनहरुमा पनि यस्तै सहयोगको अपेक्षा राख्दै हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै शेयर दाखिल खारेज सम्बन्धी सम्पूर्ण जिम्मेवारी प्रभावकारी रुपमा बहन गरी यस बैंकप्रति शेयरधनी महानुभावहरुको विश्वास अभिवृद्धि गराउन महत्वपूर्ण भुमिका खेलेकोमा एस क्यापिटल लिमिटेडलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । अन्त्यमा बैंकिङ व्यवसायलाई नागरिक समाजसंग सुसूचित गर्ने संचार क्षेत्र तथा मित्रवत् प्रतिस्पर्धा गरिरहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा वहांहरुले विगतमा प्रदान गरेका सुझाव तथ सहयोग आगामी दिनमा समेत नियमित रुपमा प्राप्त भइरहने विश्वास व्यक्त गर्दै सम्पूर्ण सहयोगी हातप्रति पुन : हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद<br>
दिलिप प्रताप खाण<br>
अध्यक्ष

**संशोधित प्रवन्ध पत्रको तीन महले विवरण**

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| २ (१) | यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ९, मा रहनेछ । | यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मति अञ्चल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २ मा रहनेछ । | रजिष्टर्ड (केन्द्रीय) कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा ने.रा.बैंकबाट पूर्व स्वीकृति प्राप्त भई आवश्यक तयारी भइरहेकोले । |
| ५ (ख) | विकास बैंकको तत्काल जारी पूँजी रु ८५,३२,००,०००/- (अक्षरेपी पचासी करोड बतिस लाख रुपैयाँ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ८५,३२,००० (पचासी लाखबत्तीस हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको तत्काल जारी पूँजी रु १,०८,०५,११,५०८/- (अक्षरेपी एक अर्ब आठ करोड पाँच लाख एघार हजार पाँच सय आठ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले १,०८,०५,११५.०८ (एक करोड आठ लाख पाँच हजार एक सय पन्ध दशमलव शून्य आठ मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिँदा गाभिएर बन्ने विकास बैंक, गरिमा विकास बैंक लिमिटेडको जारी तथा चुक्ता पुँजी वृद्धि हुने भएकोले । |
| ५ (ग) | विकास बैंकको तत्काल चुक्ता पूँजी रु ८५,३२,००,०००/- (अक्षरेपी पचासी करोड बतिस लाख रुपैयाँ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ८५,३२,००० (पचासी लाखबत्तीस हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको तत्काल चुक्ता पूँजी रु १,०८,०५,११,५०८/- (अक्षरेपी एक अर्ब आठ करोड पाँच लाख एघार हजार पाँच सय आठ मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले १,०८,०५,११५.०८ (एक करोड आठ लाख पाँच हजार एक सय पन्ध दशमलव शून्य आठ मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |

| | | | |
|---|---|---|---|
| ५(ङ) (अ) | संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ५२.५७८ प्रतिशत हुनेछ। | संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५२.२५ प्रतिशत हुनेछ। | गरिमा विकास बैंक लिमिटेड र शुभेच्छा विकास बैंक लिमिटेड एक आपसमा गाभिँदा गाभिएर बन्ने विकास बैंक, गरिमा विकास बैंक लिमिटेडको संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीहरुको स्वामित्व संरचनामा परिवर्तन आउने भएकोले। |
| ५(ङ) (आ) | सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४७.४२२ प्रतिशत हुनेछ। यस समूहको शेयरमध्यबाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ। | सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४७.७५ प्रतिशत हुनेछ। यस समूहको शेयरमध्यबाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ। | |

# संशोधित नियमावलीको तीन महले विवरण

| नियम नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| २ | **विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय गण्डकी अञ्चल कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ९ मा रहनेछ। | **विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मति अञ्चल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २ मा रहनेछ। | रजिष्टर्ड (केन्द्रीय) कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा ने.रा. बैंकबाट पूर्व स्वीकृति प्राप्त भई आवश्यक तयारी भइरहेकोले। |
| ८(३) | संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। | संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।अध्यक्ष र सञ्चालकहरु लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन्। (यो नियम संशोधन कायम हुँदाको बखत बहाल अध्यक्ष र संचालकहरुको कार्यकाललाई पहिलो कार्यकाल मानिनेछ।) | ने.रा. बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७२ को निर्देशन नं. ६ को बुँदा नं. १(१६) तथा बुँदा नं. ३ (१०) बमोजिम नियमावलीमा संशोधन गर्नुपर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| २० | **कार्यकारी प्रमुखको नियुक्ति तथा निजको अधिकार र कर्तब्य :** यस विकास बैंकमा प्रवन्ध संचालकले नै कार्यकारी प्रमुखको रुपमा काम गर्नेछ । प्रवन्ध संचालक नरहेको अवस्थामा संचालक समितिले विकास बैंकको कामकारोबार नियमित तथा व्यवस्थित गर्नका लागि कार्यकारी प्रमुखको नियुक्ति गर्न सक्नेछ । | **कार्यकारी प्रमुखको नियुक्ति, निजको अधिकार र कर्तब्य तथा कार्यकाल सम्बन्धि व्यवस्था :**<br>(१) प्रवन्ध संचालक नरहेको अवस्थामा संचालक समितिले विकास बैंकको कामकारोबार नियमित तथा व्यवस्थित गर्नका लागि कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।<br>(२) कार्यकारी प्रमुखको कार्यकाल ४ (चार) वर्षको हुनेछ । निजको पुर्ननियुक्ति हुन सक्नेछ तर निजलाई लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्ति गरिनेछैन । (यो नियम संशोधन कायम हुँदाको बखत बहाल कार्यकारी प्रमुखको कार्यकाललाई पहिलो कार्यकाल मानिनेछ ।)<br>(३) कार्यकारी प्रमुख सम्बन्धि अन्य व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ । | ने.रा. बैंकद्धारा जारी एकिकृत निर्देशन, २०७२ को निर्देशन नं. ६ को बुँदा नं. १(१६) तथा बुँदा नं. ३(१०) बमोजिम नियमावलीमा संशोधन गर्नुपर्ने भएकोले । |

# संस्थापक शेयरधनीहरुको नाम, ठेगाना

| क्र.सं. | शेयर धनिको नाम | ठेगाना |
|---|---|---|
| १ | जलेश्वर पाण्डे | विर्घा अर्चले, ६ |
| २ | श्रीमती कविता श्रेष्ठ | वालिङ, ३ |
| ३ | प्रेम नारायण अर्याल | खिलुङ देउराली, ९ |
| ४ | अमृत भट्टराई | जगत्रदेवी, ९ |
| ५ | पिताम्बर श्रेष्ठ | छाङछाङदी, ३ |
| ६ | माधव प्रसाद उपाध्याय | वालिङ, १ |
| ७ | दिपक राज काफ्ले | वालिङ-७ |
| ८ | खगेन्द्र अर्याल | वालिङ, ३ |
| ९ | दुर्गा प्रसाद उपाध्याय | केवरे, ८ |
| १० | दिलिप प्रताप खाड | वालिङ, ३ |
| ११ | बासुदेव पौडेल | वाङसिंङ, ३ |
| १२ | सागर बगाले | वालिङ, ३ |
| १३ | विनोद प्रसाद रेग्मी | खिलुङ देउराली, ४ |
| १४ | जितमान श्रेष्ठ | दार्सिङ दहथुम, १ |
| १५ | खेमराज अर्याल | पुतलीबजार, १३ |
| १६ | लक्ष्मण ज्ञवाली | आनन्दवन, ३ |
| १७ | दीपक लम्साल | आनन्दवन, ४ |
| १८ | ज्ञान प्रसाद रेग्मी | खिलुङ देउराली, ३ |
| १९ | ज्ञान प्रसाद अर्याल | पुतलीबजार, १० |
| २० | डा.झलकराम अर्याल | पुतलीबजार, १० |
| २१ | हरिचन्द्र रेग्मी | पौवैगौंडे, २ |
| २२ | गंगा बहादुर जी.सी | वाडगंगा, १ |
| २३ | थान प्रसाद भट्टराई | बुटवल, १० |
| २४ | शिव प्रसाद अर्याल | अर्जुन चौपारी, ४ |
| २५ | गिरीधारी पौडेल | पुतलीबजार, १३ |
| २६ | गणेश प्रसाद अर्याल | वालिङ, ३ |
| २७ | भान बहादुर सेन | वालिङ, २ |
| २८ | यादब कुमार श्रेष्ठ | वालिङ, ५ |
| २९ | बसन्त कुमार मल्ल | वालिङ, ३ |
| ३० | श्रीमती जमुना काफ्ले | वालिङ, ८ |
| ३१ | कृष्ण प्रसाद श्रेष्ठ | वालिङ, ३ |
| ३२ | सुदन श्रेष्ठ | वालिङ, १ |
| ३३ | विनोद कुमार श्रेष्ठ | वालिङ, ३ |
| ३४ | सिताराम अधिकारी | वालिङ, ३ |
| ३५ | पुर्ण बहादुर थापा | वालिङ, ९ |
| ३६ | श्याम प्रसाद बस्याल | जगत्रदेवी, ८ |
| ३७ | सुर्य प्रसाद चापागाई | पकवादी, १ |
| ३८ | पुर्ण प्रसाद अधिकारी | पेलाकोट, १ |
| ३९ | नारायण खनाल | जगत्रदेवी, ८ |
| ४० | प्रेमराज श्रेष्ठ | जगत्रदेवी, ८ |
| ४१ | प्रेम बहादुर गुरुङ | केवरे, ८ |
| ४२ | झन प्रसाद भट्टराई | शंकरनगर, ३ |
| ४३ | श्रीमती कमला पंगेनी | वालिङ, ३ |
| ४४ | गोविन्द कर्माचार्य | दार्सिङ दहथुम, २ |
| ४५ | कर्ण बहादुर श्रेष्ठ | वालिङ, ३ |
| ४६ | विष्णु प्रसाद काफ्ले | धनुवासे, ८ |
| ४७ | सन्त बहादुर पराजुली | भोर्लेटार, १ |
| ४८ | प्रेम बहादुर जि.सी. | सराङकोट, ४ |
| ४९ | पवन कुमार प्रजापति | भक्तपुर १४ |

| | | |
|---|---|---|
| ५० | चन्द्रकान्त बराल | पुम्दीभुम्दी, ३ |
| ५१ | श्रीमती बसुन्धरा तिमसेना | भदौरे तमागी, ५ |
| ५२ | रमाकान्त बराल | पोखरा, ७ |
| ५३ | श्रीमती भगवती देवी | पकवादी, ४ |
| ५४ | दुर्गा बहादुर गुरुङ | पुम्दीभुम्दी, ६ |
| ५५ | छवि लाल कुवंर | पिडिखोला, ३ |
| ५६ | दुर्गा प्रसाद पाण्डे | विर्घा, ६ |
| ५७ | रघुपति लम्साल | चिन्नेवास, ७ |
| ५८ | लेखनाथ भट्टराई | जगत्रदेवी, ९ |
| ५९ | नारायण प्रसाद श्रेष्ठ | दार्सिङ दहथुम, ९ |
| ६० | विरेन्द्र बहादुर राना | पेखु बाघखोर, ८ |
| ६१ | नारायणी पहारी | पोखरा, ६ |
| ६२ | बिनोद पाण्डेय | ३, पिडीखोला |
| ६३ | बुद्धिमान गुरुङ | ९, नयापुल |
| ६४ | हुमकान्त कोइराला | ४, वालिङ |
| ६५ | कविराज आचार्य | १७, बैदाम |
| ६६ | खडानन्द शर्मा | १५, पोखरा |
| ६७ | कृष्ण वहादर थापा | ४, सेतिदोभान |
| ६८ | कृष्ण प्रसाद तिवारी | ३, बालिङ |
| ६९ | सुमन लामिछाने | १३,पुतलीबजार |
| ७० | राम प्रसाद श्रेष्ठ | ९, बयरघारी |
| ७१ | रेश्मीलाल कोइराला | ४, वालिङ |
| ७२ | हरिकुमार श्रेष्ठ | बेनी-६, म्याग्दी |
| ७३ | डा. भुपेन्द्रबहादुर खड्का | बेनी-७, म्याग्दी |
| ७४ | दिपेन्द्र श्रेष्ठ | बेनी-६, म्याग्दी |

| | | |
|---|---|---|
| ७५ | माधवप्रसाद रेग्मी | बेनी-१२, म्याग्दी |
| ७६ | यजनलाल शाक्य | बेनी-७, म्याग्दी |
| ७७ | यामबहादुर शाक्य | बेनी-६, म्याग्दी |
| ७८ | शिवप्रसाद कटुवाल | भगवति-४, म्याग्दी |
| ७९ | शुभकामना प्रधान श्रेष्ठ | बेनी-६, म्याग्दी |
| ८० | हरिकृष्ण श्रेष्ठ | बेनी-६, म्याग्दी |
| ८१ | रेशमबहादुर बानियाु | बेनी-६, म्याग्दी |
| ८२ | भरतकुमार राजभण्डारी | बेनी-६, म्याग्दी |
| ८३ | रविन्द्र राज जोशी | बेनी-६, म्याग्दी |
| ८४ | शेरबहादुर बुढाथोकी | देविस्थान-३, म्याग्दी |
| ८५ | रामबहादुर हमाल | बेनी-६, म्याग्दी |
| ८६ | अशोक कुमार श्रेष्ठ | दहथुम गा.वि.स.-१, स्याङजा |
| ८७ | भगवति दवाडी | ल्वाङघलेल गा.वि.स.-४, कास्की |
| ८८ | चिरन्जिवि काफ्ले | वालिङ न.पा.-८, स्याङजा |
| ८९ | चित्रा खड्का | ललितपुर-३, ललितपुर |
| ९० | इन्द्रा भुषाल | स्वरेक गा.वि.स.-३, स्याङजा |
| ९१ | इन्द्रप्रसाद अधिकारी | पेलाकोट गा.वि.स.-९, स्याङजा |
| ९२ | जमुनादेवी पौडेल | पंचनगर-२, नवलपरासी |
| ९३ | जिवनकुमार मल्ल | वालिङ न.पा.-४, स्याङजा |
| ९४ | कविता राना | वालिङ न.पा.-१, स्याङजा |
| ९५ | कमलप्रसाद श्रेष्ठ | अर्थुङे-२, म्याग्दी |
| ९६ | लेखनाथ अर्याल | वालिङ न.पा.-११, स्याङजा |
| ९७ | लिलानारायण श्रेष्ठ | वालिङ न.पा.-५, स्याङजा |
| ९८ | मेनुका शर्मा | आरुचौर-५, स्याङजा |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९ | नामदेव भट्टराई | तुलसी भञ्ज्याङ-४, स्याङ्जा | ११० | प्रदिपकुमार रुङटा | बीरगंज-७, पर्सा |
| १०० | निलु थापा | ललितपुर-५, ललितपुर | १११ | अम्बिका सुवेदी | फेदीखोला-७, स्याङ्जा |
| १०१ | प्रमोद श्रेष्ठ | अर्थुङ्गे-२, म्याग्दी | ११२ | युक्तराज खनाल | तुलसीभञ्ज्याङ-७, स्याङ्जा |
| १०२ | रजनी श्रेष्ठ | अर्थुङ्गे-२, म्याग्दी | ११३ | कृष्णप्रसाद पौडेल | दरौं-०३, स्याङ्जा |
| १०३ | राममाया श्रेष्ठ | पुलाचौर-२, म्याग्दी | ११४ | लिलावल्लौ भट्टराई | जगत्रदेवी-९, स्याङ्जा |
| १०४ | रिखिराम बस्याल | जगत्रदेवी-८, स्याङ्जा | ११५ | दयाप्रसाद भट्टराई | जगत्रदेवी-९, स्याङ्जा |
| १०५ | रिना मर्सानी | पोखरा-८, कास्की | ११६ | सुर्यनारायण श्रेष्ठ | वलिङ न.पा-१, स्याङ्जा |
| १०६ | सुन्दरकुमार श्रेष्ठ | अर्थुङ्गे-२, म्याग्दी | ११७ | कमलादेवी खनाल | तुलसीभञ्ज्याङ-७, स्याङ्जा |
| १०७ | सुर्यप्रसाद रेग्मी | वालिङ न.पा.-३, स्याङ्जा | ११८ | राजु विश्वकर्मा | चापाकोट-५, स्याङ्जा |
| १०८ | यादव भट्टराई | जगत्रदेवी-९, स्याङ्जा | ११९ | देवराज आचार्य | पोखरा-१७, कास्की |
| १०९ | सुर्यप्रसाद भट्टराई | जगत्रदेवी-९, स्याङ्जा | १२० | सुनिता श्रेष्ठ | फुजेल -८, गोर्खा |

Garima Bikas Bank Limited